# संकल्प पत्र

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह, स्वास्थ्यकर्मी, अस्पताल व्यवस्थापन समिति तथा गाउँपालिका अध्यक्षबीच अन्तरक्रिया कार्यक्रम

## मुखियापट्टी मुसरनिया गाउँपालिका


- आज आयोजित महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह, स्वास्थ्यकर्मी, अस्पताल व्यवस्थापन समिति तथा गाउँपालिका अध्यक्षबीचको अन्तरक्रिया कार्यक्रममा स्थानीय तहको स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय, जनमुखी तथा पहुँचयोग्य बनाउने उद्देश्यले हामी निम्न संकल्प गर्दछौं।

- **हाम्रा साझा संकल्पहरू**

1. गाउँपालिकाका प्रत्येक नागरिकलाई सहज, सुलभ, गुणस्तरीय तथा सम्मानजनक स्वास्थ्य सेवा प्रदान गर्न सबै पक्षबाट सक्रिय भूमिका निर्वाह गर्नेछौं।
2. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूहलाई समुदायको स्वास्थ्य सचेतना तथा सुरक्षित मातृत्व अभियानको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्नेछौं।
3. प्रत्येक गर्भवती महिलाको समयमै स्वास्थ्य जाँच, नियमित ANC जाँच, सुरक्षित प्रसूति, संस्थागत सुत्केरी तथा सुत्केरीपछिको PNC सेवा सुनिश्चित गर्न सहयोग गर्नेछौं।
4. गर्भवती तथा सुत्केरी महिलालाई आवश्यक उपचारका लागि समयमै गाउँपालिका तथा सरकारी स्वास्थ्य संस्था र अस्पतालसम्म पुग्न प्रेरित गर्नेछौं।
5. घरमै असुरक्षित प्रसूति गर्ने प्रचलनलाई न्यूनीकरण गर्दै सुरक्षित तथा संस्थागत प्रसूतिलाई प्राथमिकता दिनेछौं।

CamScanner

6. आमा समूहमार्फत गाउँ–टोलमा स्वास्थ्य, सरसफाइ, पोषण, खोप, परिवार नियोजन तथा मातृ–शिशु स्वास्थ्यसम्बन्धी नियमित सचेतना कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नेछौं।
7. महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह र स्वास्थ्यकर्मीबीच नियमित समन्वय, सूचना आदानप्रदान तथा सहकार्यको वातावरण निर्माण गर्नेछौं।
8. गाउँपालिकामा उपलब्ध अस्पताल, बर्थिङ सेन्टर तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको जानकारी प्रत्येक घरसम्म पुर्‍याउनेछौं।
9. आमा र नवजात शिशुको मृत्यु दर न्यूनीकरण गर्न जोखिमयुक्त गर्भावस्थाको समयमै पहिचान गरी आवश्यक उपचारका लागि स्वास्थ्य संस्थामा पठाउनेछौं।
10. अस्पताल व्यवस्थापन समिति, स्वास्थ्यकर्मी तथा गाउँपालिकाले स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक सुझाव र समस्यामाथि नियमित छलफल गरी समाधानको पहल गर्नेछौं।
11. स्वास्थ्य संस्थामा आउने प्रत्येक सेवाग्राहीलाई जात, धर्म, वर्ग वा आर्थिक अवस्थाका आधारमा कुनै भेदभाव नगरी सम्मानजनक सेवा प्रदान गर्नेछौं।
12. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूहको अनुभव, सुझाव तथा समस्यालाई गाउँपालिकाको स्वास्थ्य नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्न पहल गर्नेछौं।
13. गाउँपालिकाका स्वास्थ्य संस्था, अस्पताल तथा बर्थिङ सेन्टरप्रति नागरिकको विश्वास बढाउँदै आवश्यक उपचारका लागि पहिले आफ्नै स्थानीय स्वास्थ्य संस्थाको सेवा लिन प्रेरित गर्नेछौं।
14. स्वास्थ्यकर्मीले आफ्नो जिम्मेवारी इमानदारी, अनुशासन र सेवाभावका साथ निर्वाह गर्ने तथा महिला स्वास्थ्य स्वयंसेविका र आमा समूहले समुदायमा स्वास्थ्य सचेतना फैलाउन सक्रिय भूमिका खेल्नेछौं।



CamScanner

15. गाउँपालिकाको स्वास्थ्य सुधार अभियानलाई सबैको साझा अभियानका रूपमा अगाडि बढाउँदै ।

**स्वस्थ आमा, स्वस्थ शिशु, स्वस्थ परिवार र स्वस्थ गाउँपालिका निर्माण गर्ने दृढ संकल्प गर्दछौं ।**

## हाम्रो साझा प्रतिबद्धता

- घरघरमा स्वास्थ्य सचेतना, समयमै स्वास्थ्य जाँच, सुरक्षित प्रसूति, गुणस्तरीय उपचार र स्वस्थ तथा समृद्ध गाउँपालिका हाम्रो साझा लक्ष्य हो।
- आजको यस अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझाव, अनुभव तथा प्रतिबद्धतालाई व्यवहारमा लागू गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह, स्वास्थ्यकर्मी, अस्पताल व्यवस्थापन समिति र गाउँपालिकाबीचको सहकार्यलाई अझ सुदृढ बनाउने हामी सबै दृढ संकल्प गर्दछौं।

स्थान : ........................

मिति : ........................

### सहभागीहरूको हस्ताक्षर

१. गाउँपालिका अध्यक्ष : ........................

२. प्रमुख प्रशासकीय अधिकृत : ........................

३. स्वास्थ्य शाखा प्रमुख : ........................

४. अस्पताल व्यवस्थापन समिति प्रतिनिधि : ........................

५. स्वास्थ्यकर्मी प्रतिनिधि : ........................

६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रतिनिधि : ........................

७. आमा समूह प्रतिनिधि : ........................